तीनपाटन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाम्पनटार, सिन्धुली
३ नं. प्रदेश, नेपाल
२०७३

प्रस्ताव नं. ६०

आज मिति २०७४ साल फाल्गुण २६गते शनिवारका दिन यस तीनपाटन गाउँपालिका गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री कर्ण बहादुर मगर ज्यू को अध्यक्षतामा तपशिलको उपस्थितिमा बसी तपशिलका प्रस्तावहरु माथी छलफल गरीयो।

उपस्थिति

श्री कर्ण बहादुर मगर - अध्यक्ष
श्री पदममाया तामाङ - सदस्य
श्री गोविन्द बहादुर राउत - "
श्री हेम बहादुर श्रेष्ठ - "
श्री लाल बहादुर स्याङ्तान - "
श्री खड्ग बहादुर मुजेल - "
श्री दिनेश कुमार स्मौली - "
श्री वीर बहादुर पुलामी - "
श्री कोमल बहादुर खपाङ्गी - "
श्री रेवराज अधिकारी - "
श्री शेर बहादुर मगर - "
श्री पुण्यहरि मुजेल - "
श्री हितलाल श्रेष्ठ - "
श्री जगदिश्वर तोलाङ्गी - "
श्री देवमाया श्रेष्ठ - "
श्री टेक बहादुर परीयार - "
श्री दुध कुमारी ठकुरी - "
श्री भगवती कुमारी श्रेष्ठ - "
श्री गीतामाया थापा मगर - "
श्री भिल्ली बहादुर खड्का - प्र. सचिव
श्री तारनाथ अधिकारी - कार्यालय सहयोगी

प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ स्वास्थ्य संस्थामा बजेट विनियोजन गर्ने सम्बन्धमा ।

निर्णय नं. १ प्रस्ताव नं. १ माथी छलफल गर्दा यस गाउँपालिकामा स्वास्थ्य संस्था मार्फत नेपाल सरकारबाट प्राप्त ससर्त बजेटबाट रकम नपुग भई स्वास्थ्य संस्थाहरु सुचारु गर्न कठिनाई भएकोले स्वास्थ्य कार्यक्रम अन्तर्गतको तपशिलका कार्यक्रमहरुमा खर्च गर्ने गरी रकम विनियोजन गर्ने निर्णय गरियो। साथै उक्त रकम प्रोत्साहन भत्ता बापत विनियोजित रकमबाट खर्च गर्ने निर्णय समेत गरियो ।

तपशिल

१. निशुल्क वितरणका लागि औषधी खरिद - रु. ४००,०००।-(चार लाख)

२. इमरजेन्सी भैपरी आउने औषधी तथा सर-सामान व्यवस्थापन ——— रु. १००,०००।-(एक लाख)

३. तोष्राम खोला स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर संचालन - रु ३५,०००।-(पैंतिस हजार)

४. अ.न.मी. तथा स्टाफ नर्स नाईट ड्युटी — रु. २८५,०००।-(दुईलाख पचासी हजार)

५. खोप क्लिनिक संचालन तथा सेवा सुदृढिकरण — ~~रु ६०,०००।-(साठी हजार)~~ रु १०७,२८०।-(एकलाख सात हजार दुई सय असी)

६. गाउँघर क्लिनिक संचालन " " " — रु. ६०,०००।- (साठी हजार)

७. दैनिक भ्रमण भत्ता, अनुगमन तथा सुपरभिजन — रु. १,२०,०००।-(एकलाख बिस हजार)

८. इन्धन — रु. ४०,०००।-(चालिस हजार)

९. मर्मत खर्च — रु. २५,०००।-(पच्चिस हजार)

१०. कार्यक्रम संचालन अपुग रकम, खोप ढुवानी कार्यालय सामान ईत्यादी — रु १००,०००।-(एक लाख)

११. ढुवानी (औषधी तथा अन्य उपकरण) — रु. १,५०,०००।-(एकलाख पचास हजार)

१२. कार्यालय सहयोगी तलब भत्ता — रु. २,४९,०००।-(दुई लाख उनान्पचास हजार)

---

जम्मा रु १६,७१,२८०।- (सोह्र लाख एकहत्तर हजार दुई सय असी) मात्र

प्रस्ताव नं. २ खेलकुद कार्यक्रम संचालनका लागि रकम विनियोजन गर्ने सम्बन्धमा।

निर्णय नं. २ प्रस्ताव नं. २ माथी छलफल गर्दा यस गाउँपालिकामा वडा स्तरीय खेलकुद कार्यक्रम संचालन, पालिका स्तरीय खेलकुद कार्यक्रम र जिल्ला स्तरीय खेलकुद कार्यक्रममा सहभागीहरुलाई पठाउन तपशिल बमोजिमको रकम विनियोजन गर्ने र उक्त रकम कर्मचारी प्रोत्साहन भत्ता बापत विनियोजित रकमबाट खर्च गर्ने निर्णय गरीयो।

(१) वडा स्तरीय खेलकुद कार्यक्रम — रु. २५,०००।-

(२) पालिका स्तरीय " " — रु. ५०,०००।-

(३) जिल्ला स्तरीय खेलकुद कार्यक्रममा सहभागी पठाउने खर्च — रु २५,०००।-

प्रस्ताव नं. ३ मेलमिलाप कार्यालय व्यवस्थापन सम्बन्धमा।

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको ११ वटै वडाहरुमा रहेको सामुदायिक मेलमिलाप केन्द्रलाई कार्यालय व्यवस्थापन तथा खाजा खर्च वापत प्रति सामुदायिक मेलमिलाप केन्द्र रु. २०,०००/- (बीस हजार) का दरले विनियोजन गर्ने र उक्त रकम कर्मचारी प्रोत्साहन भत्ता वापत विनियोजित रकमवाट खर्च गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ४ ब्याकहोलोडर संचालन समिति गठन तथा दर रेट निर्धारण सम्बन्धमा

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस तीनपाटन गाउँपालिकामा रहेको ब्याकहो लोडर संचालन तथा व्यवस्थापन गर्न तपशिलको संचालन समिति गठन गर्ने र तपशिलको बमोजिमको दर रेट निर्धारण गर्ने निर्णय गरियो।

तपशिल

(१) श्री जगदिश्वर नेउपाने - संयोजक
(२) श्री कृष्णहरि घिमिरे - सदस्य
(३) श्री देवमाया श्रेष्ठ - "

दररेट

ब्याकहो लोडरको भाडा प्रति घण्टा - रु ८००/- (आठ सय)
ड्राईभरको मासिक तलब - रु. १०,०००/- (दश हजार)
हेल्परको मासिक तलब - रु. ६०००/- (छ हजार)

ड्राइभरको भत्ता प्रति घण्टा रु १००/- र हेल्परको भत्ता प्रति घण्टा रु ५०/- का दरले उपलब्ध गराउने।

ड्राइभर र हेल्परको मासिक तलब गाउँ पालिकाले उपलब्ध गराउने र ड्राइभर र हेल्परको प्रति घण्टा भत्ता र तेल र ग्रिज सम्बन्धित व्यक्तिले उपलब्ध गराउने निर्णय समेत गरियो। साथै ड्राइभर र हेल्परको छनौट ~~प्रस्ताव नं. ५~~ समितिले गर्ने निर्णय समेत गरियो।

प्रस्ताव नं. ५ प्रोत्साहन भत्ता सम्बन्धमा।

निर्णय नं. ५ प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस तीनपाटन गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुको कामको बोझलाई मध्यनजर गर्दै तपशिल बमोजिमको पदको कर्मचारीलाई २०७४ साल फाल्गुण १ गतेवाट लागु हुने गरी तपशिल बमोजिमको प्रोत्साहन भत्ता मासिक रुपले दिने र उक्त रकम आन्तरिक आम्दानीवाट खर्च गर्ने निर्णय गरियो।

तपशिल

(१) अधिकृत स्तर - रु. १०,०००/- सुरेन्द्र प्रधान
(२) नायब सुब्बा स्तर - रु ३५००/- जीवनकुमार भण्डारी, गोपाल प्र. खड्का, मिलन ब. खड्का र पान ब. समाल
(३) खरिदार स्तर - रु ३०००/-
(४) का. स. तारानाथ अधिकारी - रु २०००/-

निर्णय प्रस्ताव नं. ६ यातायात सेवा प्रवाह सम्बन्धमा।

निर्णय:- प्रस्ताव नं. ६ माथी छलफल गर्दा सिन्धुलीबाट चक्रघट्टे हुँदै आम्बोटे, जिनाखु र वाहुनतिलपुङ सम्म चल्ने भाडाका बसहरु बिहान ९:०० बजे पछिमात्र सिन्धुलीबाट हिडने र भोली पल्ट बिहान सिन्धुली फर्कने गरिरहेकोमा यसरी यातायात चल्दा यसहरुका साथै गाउँपालिकाको कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुलाई समेत आवत जावतमा असहज भएकोले कम्तीमा १वटा यात्रु वाहक भाडाको बस बिहान ६:०० बजे सिन्धुलीबाट छुटाई बेलुको ४:०० बजे चक्रघट्टेबाट फर्किने व्यवस्थाको यातायात समितिहरुसंग माँग गर्ने निर्णय गरीयो।

प्रस्ताव नं. ७ सेवा करारमा सेवा परामर्श लिने सम्बन्धमा।

निर्णय:- प्रस्ताव नं. ७ माथी छलफल गर्दा यस गाउँपालिकाको विषयगत ऐन निर्माण कार्यमा कानुनी सल्लाह लिन १ हप्ताको लागि कानुनी सल्लाहकार परामर्श सेवामा लिने निर्णय गरीयो।

प्रस्ताव नं. ८ विषयगत ऐन निर्माण सम्बन्धमा।

निर्णय:- प्रस्ताव नं. ८ माथी छलफल गर्दा विषयगत ऐन निर्माण कार्यको लागि कानुनी विज्ञसंगको सल्लाह लिई तपशिलको समितिको ऐन निर्माण गरी गाउँ कार्यपालिकाको बैठकले पास गरी स्वीकृतिका लागि आगामी गाउँ सभामा पेश गर्ने निर्णय गरीयो।

तपशिल

(१) स्थानिय सेवा ऐन - २०७४
 (i) दिनेश कुमार रमौली
 (ii) खड्ग बहादुर भुजेल
 (iii) गोपाल प्रसाद पहाडी

(२) पूर्वाधार विकास सम्बन्धी ऐन २०७४
 (i) वीर बहादुर पुलामी
 (ii) जगदिश्वर गोलाङ्गी
 (iii) खड्गहरि भुजेल
 (iv) टेक बहादुर परियार

(३) स्थानिय सहकारी ऐन २०७४/स्थानिय उद्योग तथा उद्यमशिलता ऐन २०७४ र स्थानिय वन ऐन २०७४
 (i) कोमल बहादुर खपाङ्गी
 (ii) हिरालाल श्रेष्ठ

(४) स्थानिय राजपत्र सम्बन्धी कार्यविधि २०७४ / विधायक समिति
 (i) गोविन्द बहादुर राउत
 (ii) भीर बहादुर मगर
 (iii) देवमाया श्रेष्ठ

(५) स्थानिय शिक्षा ऐन २०७४ र स्थानिय स्वास्थ्य तथा सरसफाई ऐन - २०७४

(i) लेखराज अधिकारी

(ii) हेम बहादुर श्रेष्ठ

(iii) रामबेचन साह

(iv) प्रेम बहादुर पौडेल

<u>प्रस्ताव नं. ९ ऐलानी जग्गा सम्बन्धी</u>

निर्णय: प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका भित्र रहेको ऐलानी जग्गा अतिक्रमण भईरहेकोले उक्त अतिक्रमण कार्यलाई तुरुन्त रोक्न सम्बन्धित वडा लाई जिम्मा दिने र वर्षौं देखि भोग चलन गर्दै आएको ऐलानी जग्गा सम्बन्धित व्यक्तिको नाममा नापी दर्ता गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

<u>प्रस्ताव नं. १० बैठक भत्ता सम्बन्धमा।</u>

निर्णय:- प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाको बैठक हुदा बैठकमा उपस्थित आमन्त्रितलाई कार्यपालिकाको सदस्य सरहको बैठक ~~तथा~~ भत्ता तथा खाजा खर्च उपलब्ध गराउने, कार्यालय सहयोगीलाई बैठक भत्ता बापत रु ५००।- र खाजा खर्च बापत रु २००।- र वडा समितिको बैठक ~~बसी~~ बस्दा वडा कार्यालयको कार्यालय सहयोगीलाई समेत प्रत्येक बैठकको बैठक भत्ता रु ५००।- र खाजा खर्च बापत रु २००।- उपलब्ध गराउने निर्णय गरियो।

<u>प्रस्ताव नं. ११ विविध</u>

निर्णय प्रस्ताव नं. ११ विविधमाथि छलफल गर्दा यस गाउँपालिकाले निर्माण गर्नु पर्ने ऐन, नियमावली, कार्यविधि लगायत अन्य कानूनी सम्बन्धी कार्यको लागि क.न.पा. ९, सिन्धुली निवासी अधिवक्ता प्र. प. नं. १०४६९ डा नारायण बराललाई दैनिक रु ७८००।- सात हजार आठ सय मात्र उपलब्ध गराउने गरी द्विपक्षीय सम्झौता गराई विज्ञ परामर्श सेवा लिने निर्णय गरियो।